नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड२५] काठमाडौं, चैत ११ गते २०३२ साल [अतिरिक्ताङ्क ५९(क)

श्री ५ को सरकार

वन मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति २०३२।१२।११ को निर्णयानुसार झापा, विराटनगर वन क्षेत्र कायम गरी बसोवास व्यवस्थित गर्ने विषयमा भू-उपयोगिता नक्साअनुसार कार्यान्वयन गर्न देहायबमोजिमको सम्बन्धित अध्यक्ष र सदस्यहरू भएको समिति गठन गरिएको छ। समितिको काम, कर्तव्य देहायबमोजिम तोकिएको छ।

(१)	मेची वा कोशी अञ्चलाधीश	अध्यक्ष
(२)	सम्बन्धित कञ्जरभेटर	सदस्य
(३)	सम्बन्धित एस. पी.	”
(४)	सम्बन्धित भूमिप्रशासन कार्यालय प्रमुख	”
(५)	सम्बन्धित बसोवास प्रशासक	”
(६)	सम्बन्धित डी. एफ्. ओ.	सदस्य–सचिव

समितिको काम कर्तव्य:–

भू–उपयोगिता नक्साको सिफारिशबमोजिमको वन क्षेत्र कायम गर्ने र सो कायम गरिने क्षेत्रभित्र अतिक्रमण गरी वा पुरानो दर्ता वा अरू जुनसुकै किसिमबाट बसेकाहरूलाई सो क्षेत्रबाट हटाउने र वास्तविक सुकुमबासीलाई व्यवस्थित बसोवास गराउने र मुआव्जा दिनु पर्नेलाई अन्यत्र मुआव्जा दिने।

आज्ञाले–
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०३२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।